**धन्यवाद मन्तव्य, (श्री हेमराज ढकाल)**

- नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजना गरिएको नेपाल अन्तराष्ट्रिय व्यापार मेला २०२३ को समुद्घाटन समारोहमा प्रमुख अतिथि सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू सहित सम्पूर्ण उपस्थित अतिथिगणमा महासंघका तर्फबाट हार्दिक आभार प्रकट गर्दछु ।

- नेपाल सरकारले निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था महासंघको सामाजिक आर्थिक विकासको अभियानमा गर्दै आएको साझेदारीलाई महत्वपूर्ण रुपमा लिंदै सम्मानपूर्वक स्मरण गर्न चाहान्छु ।

- हामीले केही दिन अघिमात्र समुद्घाटन समारोहको निम्तो लिएर सम्माननीय सभामुखज्यूको निवासमा गएका थियौं । आफ्नो अति व्यस्त कार्यतालिकाका वावजुद पनि हाम्रो निमन्त्रणालाई उहांले सहर्ष स्वीकार गरि कार्यक्रममा आउने प्रतिवद्धता जनाउनु भएको थियो ।

- प्रमुख अतिथिको रुपमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी मेलाको समुदघाटन सहित निजी क्षेत्रलाई संवोधन समेत भएकोमा सम्माननीय सभामुखज्यूमा मेला आयोजककातर्फबाट आभार सहित हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

- यसैगरी आजको यस समारोहमा गरिमा बढाई दिनु भएकोमा नेपाल सरकारका सचिवज्यू सहित उच्चपदस्थ अधिकृतज्यूहरु, महामहिम राजदूतज्यूहरु Ambassador of China to Nepal. H.E. Mr Chen Song, and Ambassador of India to Nepal. H.E. Mr. Naveen Srivastava), Deputy Director General, Trade Development Bureau, Ministry of Commerce, China Mr. Deng B, महासंघका पूर्व अध्यक्ष एवं SAARC CCI का उपाध्यक्षज्यू, कुटनीतिक नियोगका पदाधिकारीज्यूहरु यहांहरुको गरिमामय उपस्थितिप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु,

- महासंघका पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरु, महासंघका सदस्य जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघ, एसोसिएट सदस्यहरुका पदाधिकारीज्यूहरु, विभिन्न परिषद्, समिति, फोरमका पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, मुलुकभरका सम्पूर्ण उद्यमी व्यवसायी मित्रहरु, संचारकर्मी मित्रहरु, मेलामा भागलिन आउनु भएका स्वदेशी एवं विदेशी उद्यमी व्यवसायी सहित सम्पूर्ण अतिथिगणमा यहांहरुको गरिमामय उपस्थितिप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु,

- नेपाल सरकार र निजी क्षेत्रको संयुक्त सहकार्यमा आयोजना हुँदै आएको नेपाल अन्तराष्ट्रिय व्यापार मेला सार्वजनिक निजी साझेदारी (Public Private Partnership - PPP) को सफल उदाहरण हो ।

- सम्माननीय सभामुखज्यू, मेला महोत्सव आर्थिक क्रियाकलाप प्रवर्द्धन गर्ने, आम जनतालाई अर्थतन्त्रको मूल प्रवाहमा समाहित गर्ने मुख्य साधन पनि हो । यही मूल भावनालाई आत्मसात गरि महासंघले नेपाल सरकारको समेत सहयोग र सहभागितामा मुलकैभर मेला महोत्सवको आयोजना गर्दै आएको छ ।

- मध्यकालिन समयमा परम्परागतशैलीमा आयोजना हुँदै आएका व्यापार मेलानै आधुनिक यूरोपमा आयोजना हुँदै आएका अन्तराष्ट्रियस्तरका मेला महोत्सवका बलिया आधार हुन ।

- मध्यकालिनयूगमा यूरोपमा कलाकारहरूले आफूले उत्पादन गरेका वस्तुहरूलाई शहर बजारमा डुलाएर र ठाउँठाउँमा राखेर व्यापार गर्ने प्रर्दशनी गर्ने परम्परानै पछि आएर मेला महोत्सवको शुरूवाती इतिहासको रहेको पढन पाइन्छ ।

- १८ औं शताव्दीको अन्त्यतिर यूरोप र उत्तरी अमेरिकामा औद्योगिक प्रदर्शनीहरू औद्योगिक क्रान्ति र प्रविधि प्रदर्शनी गर्ने महत्वपूर्ण औजार बन्न गयो ।

- १९ औं शताव्दीको अन्त्यतिर बार्षिक रूपमा आयोजना हुने औद्योगिक प्रदर्शनीले ठूलो आकर्षण पैदा गर्नुको साथै यूरोपदेखि उत्तर अमेरिकासम्मै मेला, महोत्सव र प्रर्दशनीको आयोजना फैलन थाल्यो ।

- २० औं शताव्दीतिर व्यापार मेला आयोजना गर्ने कार्यकै लागि विशिष्टकृत कम्पनीहरू अस्तित्वमा आए र औद्योगिक व्यापार मेलाहरू व्यापक रूपमा आयोजना हुन थाले ।

- २१ औं शताव्दीमा एशियामा भएको तीव्र औद्योगिकीकरणसँगै एशिया महादेशभरीनै व्यापार मेला प्रदर्शनीको बहाव आउन थाल्यो ।

- मेला महोत्सवको यो इतिहास हेर्दा देशको समृद्धिमा मेला महोत्सवको ठूलो योगदान रहेको कुरालाई नकार्न सकिदैन ।

- मलाई जानकारी भएसम्म प्रजातन्त्रको पुनरस्थापना पश्चात मुलुकले खुला आर्थिक नीति अवलम्वन गरेपछि नेपालमा पनि विक्रम सम्वत २०४८ पछि मात्र व्यवसायिक रुपमा मेला महोत्सवको शुरुवात हुन थालेको भन्न सकिन्छ ।

- लामो समय भएपनि हामीले भने मेला महोत्सव आयोजनाका लागि कुनै पनि पूर्वाधारको विकास गर्न सकेनौ र आज पनि वर्षौ अगाडि बनेका पूरानै पूर्वाधारमा मेला आयोजना गर्न बाध्य छौं,

- नेपालमा पनि अन्तराष्ट्रिय स्तरका प्रदर्शनी स्थलहरुको निर्माण गरी मेलालाई व्यवस्थित रुपमा आयोजना गर्न सके नेपाली उत्पादनहरुको अन्तराष्ट्रिय बजार प्रवर्द्धनमा समेत ठूलो मद्दत पुग्दथ्यो । साथै प्रत्यक्ष वैदेशिक लगानी, technical knowhow आदान प्रदानमा समेत ठूलो सहयोग हुन्थ्यो । त्यसमा हामी निकै पछाडी परेको महशुस निजी क्षेत्रलाई भएको छ ।

- उद्योग व्यवसाय र समग्र अर्थतन्त्रमै सुस्तता छाएकोप्रति यहांहरु सवै जानकार हुनुहुन्छ त्यसलाई भोगीरहनु भएको छ । यस परिस्थितिमा नेपाल अन्तराष्ट्रिय व्यापार मेलाको आयोजनाबाट थोरै भएपनि उद्योग व्यवसाय र अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने हाम्रो अपेक्षा छ ।

- सम्माननीय सभामुखज्यू हामीसंग रहनु भएको यो अवसरको सदुपयोग गर्दै निजी क्षेत्रले लामो समयदेखि संशोधनका लागि अनुरोध गर्दै आएका ऐन कानूनको संशोधन प्रक्रियालाई छिटो छरितो रुपमा टुङग्याउने  कार्यमा सम्माननीय सभामुखज्यूबाट सहयोगको अपेक्षा निजी क्षेत्रले गरेको छ ।

**अव धन्यवादको कार्यलाई अगाडि बढाउने अनुमति चाहान्छु,**

- सर्वप्रथम हाम्रो निमन्त्रणालाई स्वीकार गरी मेलाको समुद्घाटन सहित महत्वपूर्ण संवोधनका लागि आजको यस समारोहका प्रमुख अतिथि एवं सम्माननीय सभामुखज्यूमा महासंघ र सम्पूर्ण निजी क्षेत्रकातर्फबाट हार्दिक कृतज्ञता सहित धन्यवाद प्रकट गर्दछु ।

- माननीय सांसदज्यूहरु, Excellences, high level official from China, India, Bangladesh and Pakistan, निजी क्षेत्रका नेतृत्वदायी भूमिकामा रहनु भएका उद्यमी व्यवसायीहरु लगायत सबै विशिष्ट अतिथि गणमा पुनः एक पटक धन्यवाद ज्ञापन गर्दछु।

- यो मेलालाई सफलतापूर्वक आयोजना गर्नका लागि सहयोग गर्ने नेपाल सरकार वाणिज्य मन्त्रालय, व्यापार तथा निकासी प्रर्वद्धन केन्द्रमा धन्यवाद ज्ञापन गर्दछु ।

- मेलाको सहआयोजक ललितपुर उद्योग वाणिज्य संघ र नेपाल हस्तकला महासंघको निरन्तर सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

- मेलाका प्रमुख प्रायोजक IME Pay, इन्सोरेनस पाटनर सगरमाथा लुम्बिनी इन्सोरेन्स,सह प्रायोजक Heritage Flooring Carpet Industry, IMS group को सहयोगका लागि विशेष धन्यवाद दिन चाहान्छु ।
- त्यसैगरी इन्टरनेट पाटनर मर्केन्टाइल कम्युनिकेशन प्रा.लि., सहयोगी नेपाली तयारी पोशाक उद्योग संघ, नेपाल जुत्ता उत्पादक संघ, नेपाली युवा उद्यमी मञ्च, एक्जिविसन लाइट हाउस तथा डियन इभेन्ट्सलाई विशेष धन्यवाद दिन चाहान्छु ।
- I extend a cordial welcome to the distinguished delegations from China, India, Bangladesh, and Pakistan, as well as to the esteemed representatives of exhibiting companies and Nepalese exhibitors. May your time in Nepal be not only delightful but also marked by success and fruitful engagements.
- साथै मेलालाई सफल बनाउन हामीलाई सहयोग गर्नु हुने नेपाल सरकारका सम्बन्धित निकायहरु, मेलालाई सफल रुपमा आयोजना गर्न निरन्तर खट्नु भएका महासंघको व्यापार मेला समितिका सभापति उमेश डालमियाजी, उपसभापति सविनलाल श्रेष्ठजी सहित समितिका सवै साथीहरुलाई धन्यवाद दिन चाहान्छु ।
- अन्तमा, हाम्रो यो कार्यक्रमको लागि स्थान उपलब्ध गराउने भृकुटीमण्डप र कार्यक्रम आयोजनाका लागि सदा दत्तचित्त भई कार्यरत रहने महासंघ सचिवालयका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद मंसिर १४, विहीवार, काठमाडौं ।**